बैठक संख्या ११६

अनूसूची २

प्रस्ताव नं १

वुदा न १२.१ सँगसम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

प्यूठान जिल्ला लुम्बिनी प्रदेशं

यूठान नगरपालिकाको भू-उपयोग नीति-२०८० तर्जुमाका लागि परामर्शदाता संग छलफल तथा प्रस्तुतीकरण ना।

पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति – २०८०/१२/२० गते,

१. **विषयको सक्षिप्त व्यहोरा-** प्यूठान नगरपालिकाको भू-उपयोग नीति -२०८० तयारीका लागि छनौट गरिएका परामर्शदाताहरुसंग नीति तर्जुमा सम्बन्धी विविध पक्षहरुमा छलफल गर्नुपर्ने भएकोले।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा-** प्यूठान नगरपालिकाको भू-उपयोग नीति तयारी तथा जग्गा वर्गीकरणको विविध मापदण्ड तथा प्रकृया बारेमा सम्पूर्ण जनप्रतिनिधी हरुलाई जानकारी हुनुपर्ने ।

३. **प्रस्ताव पेश गर्नुपर्नको कारण र सम्वन्धित शाखाको रायः-** भू उपयोग नीति तयारीमा वडा स्तरमा व्यापक छलफल हुनुपर्ने जसको लागि कार्यपालिकामा प्रस्तुतीकरण गरी वडास्तरमा छलफल गर्नका लागि मिति तय गर्नुपर्ने ।

४. **निर्णय हुनुपर्ने व्यहोरा-**

प्यूठान नगरपालिकाको भू-उपयोग नीति, २०८० को तर्जुमा सन्दर्भमा परामर्शदाताहरुसंग छलफल तथा प्रस्तुतीकरण भयो । उक्त सम्बन्धमा भू-उपयोग नीति तर्जुमा गर्दा सडक/राजमार्ग/बाटोको अधिकार क्षेत्र बाहेक निम्न दुरी कायम गरी जग्गाको प्रकृती अनुसार उपयोग गर्न दिने गरी मापदण्ड कायम गर्ने गरी निर्णय हुनुपर्ने।

- भालुबाङ-प्यूठान सडक – ७५ मी.
- प्रादेशिक लोकमार्गहरु – ७० मी.
- अन्तरपालिका जोड्ने सडक – ३० मी.
- यस बाहेक अन्य सडक- २० मी.
- झिमरुक र माडी नदीक्षेत्र – १०० मी.
- अन्य खोला (चुदरी,भूसबाङ,जुम्री,खप्रेङखोला)- १५ मी.
- खोल्सा खोल्सी तथा डुवा – ५ मी.
- वन क्षेत्रबाट आबास निर्माण – २५ मी.

भू-उपयोग नीति तर्जुमा सम्बन्धमा वडागत छलफलको तालिका देहाय बमोजिम पारित गर्ने ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

__वडागत छलफल तालिका__

| मिति | वडा नं. | समय | स्थान |
|---|---|---|---|
| २०८०/१२/३० | ६ | ११:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |
| २०८०/१२/३० | ९ र १० | ११:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |
| २०८१/०१/०२ | ५ | ११:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |
| २०८१/०१/०२ | ७ र ८ | २:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |
| २०८१/०१/०३ | १ र २ | ९:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |
| २०८१/०१/०३ | ३ र ४ | २:०० बजे | वडा कार्यालय वा जनप्रतिनिधीले तोकेको पायक पर्ने ठाँउ |

**नगरकार्यपालिकाको निर्णयः**

निर्णय हुनुपर्ने व्यहोरामा भएबमोजिमको मापदण्ड तोक्ने निर्णय गरियो साथै वडामा छलफलका लागि समयतालिका पनि निर्णय हुनुपर्ने व्यहोरामा लेखिएबमोजिम हुने निर्णय गरियो ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

बैठक संख्या ११६

अनूसूची २

प्रस्ताव नं २

वुदा न १२.१ सँगसम्बन्धित

प्यूठान नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

प्युठान जिल्ला लुम्विनी प्रदेश

श समपुरक अनुदानका लागि आयोजना सिफारिस सम्बन्धमा।

गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति – २०८०/१२/२७ गते,

. **विषयको सक्षिप्त व्यहोरा-** लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालयको मिति २०८०/१२/२६ गतेको सूचना अनुसार आगामी आ.व. को लागि प्रदेश समपुरक योजनाहरु छनौट गरी पठाउनुपर्ने ।

. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा- "प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यबिधी ,२०७८"** बमोजिम आ.व. २०८१/०८२मा प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजनाको प्रस्ताव सहितको विवरण पठाउने समयाबधी २०८० चैत्र मसान्त भित्र रहेको ।

. **प्रस्ताव पेश गर्नुपर्नको कारण र सम्वन्धित शाखाको राय- "प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यबिधी ,२०७८"** बमोजिम आयोजना माग गर्दा कार्यपालिकाबाट स्विकृत गरी माग गर्नुपर्ने व्यवस्था रहेको ।

. **निर्णय हुनुपर्ने व्यहोरा-** लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालय, राप्ती उपत्यका दाङको मिति २०८०/१२/२६ गतको सूचना अनुसार यस कार्यालयलाई आ.व. २०८१/८२ मा समपुरक अनुदान व्यवस्थापन कार्यविधि २०८० बमोजिम आयोजना तथा कार्यक्रमको प्रस्ताव माग भई आएकोमा निम्न आयोजना / कार्यक्रमहरुको प्रस्ताव माग गरी पठाउने निर्णय हुनुपर्ने।

| क्र.सं. | योजनाको नाम | वडा नं. | प्यूठान नगरपालिकाको लागत सहभागिता | प्रदेश सरकारको लागत सहभागिता |
|---|---|---|---|---|
| १ | विजुवार पुलदेखि थापाडाँडा खलंगा मोटरबाटो | ४ | ५० लाख | ५० लाख |
| २ | चेरनेटा – सालघारी – धाईरेचौर मोटरबाटो | १ | ५० लाख | ५० लाख |
| ३ | टिकुरी – गुरुङगाँउ – लम्छ्याङ्ग मोटरबाटो | ६ | ५० लाख | ५० लाख |
| ४ | टारी – जुम्रिकाँडा मोटरबाटो | ५ | ५० लाख | ५० लाख |

**नगरकार्यपालिकाको निर्णयः**

निर्णय हुनुपर्ने व्यहोरामा भएबमोजिमका योजनाहरु आ.व. २०८१/०८२ को प्रदेश समपुरक योजनाका लागि माग गर्ने निर्णय गरियो ।

नगर प्रमुख

बैठक संख्या ११६
अनूसूची २
प्रस्ताव नं ३
वुदा न १२.१ सँगसम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
प्युठान जिल्ला लुम्बिनी प्रदेश

- प्रदेश बिशेष अनुदानका लागि आयोजना सिफारिस सम्बन्धमा।

त्र पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति – २०८०/१२/२७ गते,

१. **विषयको सक्षिप्त व्यहोरा-** लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको मिति २०८०/१२/२७ गतेको सूचना अनुसार आगामी आ.व. को लागि प्रदेश सरकारबाट संचालन हुने विशेष अनुदान अन्तर्गतका योजनाहरु छनौट गरी पठाउनुपर्ने ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा- "विशेष अनुदान कार्यक्रम संचालन कार्यबिधी ,२०७६(पहिलो शंशोधन २०८०समेत)"** को दफा ५(२) बमोजिम आ.व. २०८१/०८२ मा विशेष अनुदान अन्तर्गत कार्यान्वयन गर्ने आयोजनाको प्रस्ताव सहितको विवरण पठाउने समयाबधी २०८० चैत्र मसान्त भित्र रहेको ।

३. **प्रस्ताव पेश गर्नुपर्नको कारण र सम्वन्धित शाखाको राय- "विशेष अनुदान कार्यक्रम संचालन कार्यबिधी ,२०७६(पहिलो शंशोधन २०८०समेत)"** बमोजिम आयोजना माग गर्दा कार्यपालिकाबाट स्विकृत गरी माग गर्नुपर्ने व्यवस्था रहेको ।

४. **निर्णय हुनुपर्ने व्यहोरा-** लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको चलानी नं ५०२ मिति २०८०/१२/२७ मा आ.व. २०८१/०८२ को लागि विशेष अनुदान तर्फका योजना/ कार्यक्रम प्रस्ताव सम्बन्धी पत्र कार्यपालिकामा छलफल गर्दा निम्न योजनाहरु बिशेष अनुदान तर्फ सिफारिश गर्ने निर्णय हुनुपर्ने ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विशेष अनुदान तर्फ माग रकम |
|---|---|---|---|
| १ | खरिबोट-आमडाँडा-हाडिँगैरा-बल्ले-डाङडुङ्गा लिफ्ट खानेपानी आयोजना | १० | २५ लाख |
| २ | शहीद पार्क गाँजुरी प्यूठान न पा -७ | ७ | १५ लाख |

**नगरकार्यपालिकाको निर्णयः**

निर्णय हुनुपर्ने व्यहोरामा भएबमोजिमका योजनाहरु आ.व. २०८१/०८२को प्रदेश बिशेष योजनाका लागि माग गर्ने निर्णय गरियो ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

बैठक संख्या ११६
अनूसूची २
प्रस्ताव नं ४
वुदा न १२.१ सँगसम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
प्युठान जिल्ला लुम्बिनी प्रदेश

षय- सेवाप्रबाह सम्बन्धी प्राप्त सुझाव कार्यान्वयन सम्बन्धमा ।

स्ताव पेश गर्न प्रमुखबाट स्वीकृती प्राप्त मिति – २०८०/१२/२५ गते,

१. **विषयको सक्षिप्त व्यहोरा-** स्थानीय तहको सेवाप्रवाह छिटो छरितो तथा पारदर्थी बनाई संस्थागत शूसासन कायम गर्नका लागि विभिन्न मितिमा विभिन्न निकायहरुद्वारा प्राप्त हुने निर्देशन तथा सुझाबहरु कार्यान्वयन गर्न आवश्यक रहेको ।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा-** प्यूठान नगरपालिकालाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपरयोग अनुसन्धान आयोगको कार्यालाय मार्फत प्राप्त सुझावहरु नगरपालिकाले कार्यान्वयन गर्नुपर्ने।

३. **प्रस्ताव पेश गर्नुपर्नको कारण र सम्वन्धित शाखाको राय-**

४. **निर्णय हुनुपर्ने व्यहोरा-**

प्यूठान नगरपालिकालाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र अख्तियार दुरुपरयोग अनुसन्धान आयोग मार्फत सेवा प्रबाह, वित्तीय सुशासन कायम गर्ने, कानूनको पूर्ण परिपालना सम्बन्धी विविध विषयका पत्रहरु कार्यापालिकामा छलफल गरी सोही वमोजिम कार्य सम्पादनमा जोड दिने निर्णय हुनुपर्ने ।

**नगरकार्यपालिकाको निर्णयः**

निर्यण हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम गर्ने निर्णय गरियो ।

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

बैठक संख्या ११६
अनूसूची २
प्रस्ताव नं ५
वुदा न १२.१ सँगसम्बन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
प्युठान जिल्ला लुम्विनी प्रदेश

वेविध सम्बन्धमा ।

पेश गर्न प्रमुखबाट स्वीकृती प्रास मिति – २०८०/१२/२५ गते,

१. **विषयको सक्षिप्त व्यहोरा-** प्यूठान नगरपालिका अन्तर्गत कार्यपालिकावाट हुनुपर्ने विविध निर्णयहरु ।

२. **प्रास परामर्श तथा अन्य सान्दर्भिक कुरा-** कार्यपालिकामा पेश भई स्वीकृत हुनुपर्ने विविध विषयका निवेदनहरु तथा अन्य महत्वपूर्ण निर्णयहरु कार्यपालिकामा छलफल गरी पारित गर्नुपर्ने भएकोले ।

३. **प्रस्ताव पेश गर्नुपर्नको कारण र सम्वन्धित शाखाको राय-**

४. **निर्णय हुनुपर्ने व्यहोरा-**

क. प्यूठान नगरपालिका अन्तर्गत वनेका भवनहरुको अभीलेखिकरण सम्बन्धी २०८०/१०/१० मा प्रकाशित सूचना अनुसार घर अभिलेखिकरण कार्यलाई चैत्र सम्मको लागि निरन्तरता दिईएकोमा सो अवधी २०८० असार मसान्त सम्म निरन्तरता दिने गरी पुनः सूचना गर्ने निर्णय हुनुपर्ने ।

ख. प्यूठान नगरपालिका वडा नं. ८ मा रहेको धर्मावती स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी.(पाचौ तह) श्री विमला काफ्ले (क.सं.नं. २१४१४०) ले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पूर्व स्वीकृती लिई बि.एन.एस. विषयमा अध्ययन गर्न चिकित्सा शिक्षा आयोगले लिने प्रवेश परिक्षामा सामेल भई उक्त परिक्षा उत्तीर्ण गरी भर्ना समेत भएको कन्फर्मेसन यस कार्यालयलाई प्रास हुन आएकोले मिति २०८०/११/०३ गतेदेखि लागु हुन गरी ३(तिन) वर्षको लागि तलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय हुनुपर्ने ।

ग. प्यूठान नगरपालिकाको वडा नं. ६ माझकोट स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मी. पाचौं तह श्री शर्मिला श्रेष्ठ ( क.सं.नं. २१३५४३) घर पायक पर्ने स्थायी ठेगाना बागमती प्रदेश ललितपुर महानगरपालिका धापाखेल रहेको र सोही जिल्ला अन्तर्गत महाँकाल गाँउपालिका सि.अ.न.मी. पाचौं तह रिक्त भएकोले सरुवा हुन सहमती पाँउ भनी यस कार्यालयमा निवेदन दिनुभएकोले नियमानुसार सरुवा भई जान प्यूठान नगरपालिका नगर कार्यपालिकाको बैठकबाट अनुमती प्रदान गर्ने । अनुमती प्रास गरेको १(एक) महिना भित्र सरुवा भईजान सकिने व्यवस्था गर्ने ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

घ. प्यूठान नगरपालिकाको कानून ईकाईको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत न्यायीक अधिकार सम्बन्धी सचेतना कार्यक्रम र सामाजिक बिकास डिभिजन कार्यालय प्यूठानको बालबालिकाको न्यायीक अधिकार सम्बन्धी २ (दुई) दिने अन्तर्कृया तथा सचेतना कार्यक्रमको प्रकृति समान भएकोले दुबै कार्यालयको संयुक्त लागत साझेदारीमा उक्त कार्यक्रम संयुक्त रुपमा गर्ने निर्णय हुनुपर्ने ।

ङ. प्यूठान नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ४ नं. वडा कार्यालयको कार्यक्रम **खानेपानी तर्फ** मा बचत भएको रकम रु.२,५०,०००/-(दुई लाख पचास हजार मात्र) आगामी नगरसभाबाट अनुमोदन हुने गरी **टाकुरा पाखाडेरा खमल्दी खानेपानी योजनामा** रकमान्तर गर्ने निर्णय हुनुपर्ने ।

**नगरकार्यपालिकाको निर्णयः**

निर्यण हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम गर्ने निर्णय गरियो ।

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

**नगर प्रमुख**